"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
सुभाघाट, सुर्खेत
२०७३

पत्र संख्या : २०७७/०७८ (शिक्षा, युवा तथा खेलकुद शाखा) मिति : २०७७।०८।१६
चलानी नं. :

**विषय : दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

श्री सम्वन्धित सामुदायिक विद्यालयहरु,
गुर्भाकोट नगरपालिका, सुर्खेत

प्रस्तुत विषयमा यस नगरपालिकामा आर्थिक वर्ष २०७७।०७८ को लागि संघीय सरकारवाट प्राप्त सशर्त तर्फको प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुलाई दिवा खाजा कार्यक्रमको लागि कार्यक्रम कायान्वयन पुस्तिका, २०७७।०७८ मा विद्यालयगत तथ्याङ्क र विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले बढीमा १८० दिनका लागि विद्यालयमा अनुदान रकम निकासा दिने ब्यवस्था भएबमोजिम विद्यालयहरुको बैंक खाताहरुमा प्रथम किस्ता वापतको तोकिएबमोजिमको रकम निकासा गरिने भएकोले सो कार्यक्रम कार्यान्वयन सम्वन्धमा तपसिल बमोजिम गर्नुहुन निर्देशनानुसार अनुरोध छ ।

..............................
(पदम बहादुर वि.क)
अधिकृत छैठौं (शिक्षा)

तपसिल

१. यस नगरपालिकाको शिक्षा समितिको मिति २०७७।०८।११ गतेको निर्णयानुसार विद्यालय ब्यवस्थापन समितिलाई दिवा खाजा ब्यस्थापनको सम्पूर्ण जिम्मेवारी दिने निर्णय भएकोले **"कार्यक्रम कायान्वयन पुस्तिका, २०७७।०७८"** को अनुसूची ४ मा भएको मापदण्ड र **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६"** मा भएको ब्यवस्था बमोजिम गर्नु, गराउनुपर्ने छ ।

२. प्रत्येक महिनाको अन्त्यमा दिवा खाजा उपलब्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी ( परीक्षामा सामेल भएको दिन समेत) सहितको विवरण प्रधानाध्यापक तथा विद्यालय ब्यवस्थापन समितिका अध्यक्षवाट प्रमाणित गराई यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. दोस्रो किस्ताको रकम निकासाको लागि तोकिएको मापदण्ड बमोजिम तोकिएका विद्यार्थीहरुलाई नियमित दिवा खाजा ब्यवस्थापन गरेको र विद्यार्थीहरुको दैनिक हाजिरी सहितको विवरण नियमित राख्ने र प्रतिबेदन यस कार्यालयमा नियमित पेश गर्ने गरेको हुनुपर्नेछ । निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएको यकिन भएपश्चात मात्र थप रकम निकासा दिईनेछ ।

**वोधार्थ**
श्री सूचना प्रविधि शाखा : सूचना वेबसाईटमा राखिदिनुहुन ।

"कृषि, वन, पर्यटन र गुणस्तरीय स्वास्थ्य शिक्षा
सुखी, सुन्दर, पूवाधारमैत्री, समृद्ध गुर्भाकोट हाम्रो इच्छा"